# रसुवा जिल्ला अदालतबाट जारी भएको सूचना

## मिति २०७७।०५।०५

## विषयः- सेवा प्रवाह सम्बन्धमा ।

यस अदालतबाट प्रवाह हुने सेवाहरु सुचारु रुपमा संचालन भईरहेकोमा कोरोना भाईरस (कोभिड-१९) को संक्रमण बढ्दो अवस्था एवं जिल्ला स्तरिय कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) रसुवाले सार्वजनिक यातायात बन्द गर्ने निर्णय गरेको परिप्रेक्षमा यस अदालतबाट प्रदान गरिने सेवा प्रवाहमा संकुचन ल्याई काम कारवाही संचालन गर्न आवश्यक भएकोले सो सम्बन्धमा सरोकारवाला पक्षहरु सँगको छलफल एवं यस अदालतको मिति २०७७।०५।०५ को पूर्ण बैठकको निर्णय बमोजिम अर्को सूचना प्रकाशन नभए सम्मका लागि यस अदालतबाट प्रदान गरिदै आएका सेवा प्रवाहमा संकुचन ल्याई देहाय बमोजिमको सेवा मात्र संचालन गर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ ।

देहाय

१. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अनुसारको निवेदन

२. बालसुधार गृहमा रहेका बालबालिका जिम्मा लिने सम्बन्धी निवेदन

३. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ बमोजिम पक्राउपूर्जीको अनुमति, कल डिटेल अनुमति, जरुरी पक्राउ पूर्जी समर्थन र अभियुक्तलाई अनुसन्धान तहकिकातको लागि हिरासतमा राख्न अनुमति दिने (म्याद थप) सम्बन्धी कार्यहरु

४. फिराद दर्ता, अभियोग पत्र दर्ता, पक्राउ परी आएको अभियुक्तको वयान, थुनछेक आदेश, मिलापत्र, मुद्दा फिर्ता, पक्षले तारेख छोडेका डिसमिस र तामेली लगायतका कामकारवाही

५. दर्ता भएका फिरादपत्रसँग सम्बन्धित सम्पत्ति रोक्का सम्बन्धी निवेदन दर्ता र सुनुवाई

६. बन्दिप्रत्यक्षीकरण सम्बन्धी निवेदनको सुनुवाई

७. विशेष प्रकृतिका निवेदनहरु मध्ये दर्ताद्धारा विवाह र अधिकृत वारेसनामा

८. अर्धन्यायिक निकायले गरेको आदेश उपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम पर्न आएका निवेदनको सुनुवाई